# स्थानीय राजपत्र


## पाँचखाल नगरपालिकाद्वारा प्रकाशित

**खण्ड १०)** **(सङ्ख्या २** **असार ३१ गते, २०८३ साल**


## भाग १

## पाँचखाल नगरपालिका

**पाँचखाल नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## सम्वत् २०८३ सालको ऐन नं. ४

**प्रस्तावना : पाँचखाल नगरपालिकाको नगर प्रहरी ऐन, २०८०** लाई संशोधन गर्न बाञ्छनीय भएकाले, पाँचखाल नगर सभाले देहायको ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **पाँचखाल नगरपालिकाको नगर प्रहरी (पहिलो संशोधन) ऐन, २०८३** रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

**२. मूल ऐनको दफा २६मा संशोधन** : मूल ऐनको दफा २६ पछि देहाय बमोजिमको व्यवस्था थप गरिएको छ।

**२६क. सट्टा बिदा**: नगर प्रहरीले सार्वजनिक बिदामा काम गरेबापत निजामती कर्मचारीले पाएसरह सट्टा बिदा पाउनेछ।

३. **मूल ऐनको दफा ६४ मा संशोधन** : मूल ऐनको दफा ६४ को उपदफा (२) को सट्टा देहाय बमोजिमको व्यवस्था राखिएको छ।

**६४(२).** नगर प्रहरीलाई प्रत्येक वर्ष चैत्र महिनामा निजामती कर्मचारीले पाएसरह पोसाक भत्ता उपलब्ध गराउनु पर्नेछ।

आज्ञाले,

पुरुषोत्तम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०८३/०३/३१